02 December 2024

आकाशवाणी

सबैभन्दा पहिला आजका मुख्य समाचार

- संसदको दुवै सदनमा गतिरोध अन्त्य गर्न सरकार र प्रतिपक्ष सहमत
- लगातार पाँचौँ दिन संसदको दुवै सदनमा कामकाज अवरुद्ध
- नयाँ आपाराधिक कानुनहरूको प्रगतिको समीक्षा गर्न प्रधानमन्त्री भोलि चण्डीगढ जानुहुने
- देशमा प्रत्यक्ष वैदेशिक लगानी ४५ प्रतिशतले बढ्यो
- 2036 को ओपलम्पिक आयोजना गर्न भारतीय ओलम्पिक संघद्वारा वार्ता प्रक्रिया सुरु , अनि
- अन्डर–19 एसिया कप क्रिकेटमा भारतले जापानलाई हरायो

संसद - ओम बिरला

संसदको शीतकालीन अधिवेशनमा दुवै सदनको कामकाजमा भएको गतिरोध अन्त्य गर्न सरकार र प्रतिपक्ष दलहरू आज सहमतिमा पुगेका छन् । यस सन्दर्भमा लोकसभा अध्यक्ष श्री ओम बिरलाले आज दिउँसो संसद भवनमा विभिन्न राजनीतिक दलका नेताहरूसँग बैठक गर्नुभयो।

बैठकमा श्री बिरलाले सबै सदस्यहरूलाई सदनको कार्यवाही निर्बाध रूपमा अघि बढ्न दिन अनुरोध गर्नुभयो। बैठकमा नेताहरुले सदनलाई सुचारु रुपमा सञ्चालन गर्न सहयोग गर्ने सहमति व्यक्त गरेका छन् ।

बैठकमा कंग्रेसका श्री गौरव गोगोईलगायत तृणमूल कंग्रेस, तेलुगु देशम, डीएमके, राष्ट्रवादी कंग्रेस पार्टी, समाजवादी पार्टी, जनता दल युनाइटेड, राष्ट्रिय जनता दल र शिवसेनाका नेताहरू सहभागी थिए ।

यही महिनाको १३ र १४ तारिक लोकसभामा संविधान विषयमा विशेष छलफल हुने तय भएको छ । साथै, यो छलफल १६ र १७ दिसम्बरमा राज्यसभामा हुनेछ। बैठकमा उपस्थित नेताहरुले दुवै सदनलाई सुचारु रुपमा सञ्चालन गर्न सहयोग गर्ने आश्वासन दिनु भएको छ।

संसद स्थगित

विभिन्न विषय र मुद्दामा विपक्षी दलहरूको नाराबाजीका कारण आज लगातार पाँचौँ दिन पनि संसदका दुवै सदनका कामकाज अवरुद्ध भए । दुवै सदनको बैठक भोलिसम्मका लागि स्थगित भएका छन् ।

विपक्षीहरूले एक प्रमुख व्यापार समूह विरुद्ध कथित घुसखोरीको आरोप अनि उत्तर प्रदेशको सम्भलमा भएको हिंसा सहित विभिन्न मुद्दाहरूमा होहल्ला गरे। सोही कारण पहिले दिउँसो १२ बजेसम्म र त्यसपछि दिनभरिका लागि बैठक स्थगित गरिएको थियो।

गिरिराज–संसद स्थगित

केन्द्रीय मन्त्री श्री गिरिराज सिंहले संसदको कामकाज अवरुद्ध गरेको भन्दै विपक्षको कडा आलोचना गर्नुभएको छ। आज संसदभवन बाहिर पत्रकारहरुसँग कुराकानी गर्दै उहाँले कंग्रेस र अन्य विपक्षी दललाई लोकतन्त्रमा विश्वास नरहेको आरोप लगाउनु भयो ।

अर्कोतर्फ, कंग्रेसका वरिष्ठ नेता श्री मनिष तिवारीले प्रतिष्ठित व्यापारी समुहमाथि घुसखोरीको आरोपसहित विभिन्न विषयमा प्रतिपक्षको स्थगन प्रस्तावलाई सरकारले स्वीकार गर्नुपर्ने बताउनु भएको छ।

## प्रधानमन्त्री-चण्डीगढ भ्रमण

तीन नयाँ आपाराधिक कानुनहरूको प्रगतिको समीक्षा गर्न प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि चण्डीगढ जानुहुनेछ। यी कानुनहरू भारतको आपाराधिक न्याय प्रणालीलाई सुधार गर्नका लागि परिकल्पना गरी लागू गरिएका हुन्। केन्द्रीय गृहमन्त्री श्री अमित शाह आज चण्डीगढ जानु हुँदैछ।

यस अवसरमा पुलिसले नयाँ कानूनहरू लागू भएपछि कानुनको कार्यान्वयन, न्यायिक प्रक्रिया र प्रमाण व्यवस्थापनमा भएको सुधारलाई देखाउन प्रत्यक्ष प्रदर्शन गर्ने छ ।

## महाराष्ट्र-भाजपा

महाराष्ट्रमा विधायक दलको नेता चयन गर्न भारतीय जनता पार्टीले केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारमण र गुजरातका पूर्व मुख्यमन्त्री श्री विजय रुपानीलाई पार्टीको केन्द्रीय पर्यवेक्षक नियुक्त गरेको छ। यी पर्यवेक्षकहरूले भाजपा विधायक दलको नेताको निर्वाचनको अनुगमन गर्नेछन्। महाराष्ट्रमा नयाँ सरकारको शपथ ग्रहण बिहीबार हुने भएको छ ।

महाराष्ट्रमा हालै सम्पन्न विधानसभा चुनाउमा भारतीय जनता पार्टीको नेतृत्वमा रहेको महायुती गठबन्धनले ठुलो जित दर्ता गरेको छ । 288 सदस्य रहेको विधानसभामा भाजपा 132 सिटका साथ सबैभन्दा ठूलो दल बनेको छ। श्री एकनाथ शिन्देको नेतृत्वमा रहेको शिवसेनाले ५७ सिट र श्री अजित पवार नेतृत्वको राष्ट्रवादी कंग्रेस पार्टीले ४१ सिट जितेको छ।

## समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

## लोक सभा पराल

गत वर्षको तुलनामा यस वर्ष पराल जलाउने घटनामा ६८ प्रतिशतले कमी आएको छ । पर्यावरण राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले आज लोकसभामा प्रश्नको लिखित उत्तरमा भन्नुभयो, २०२२ मा पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश र राजस्थानमा पराल जलाउने 53 हजार भन्दा बढी मुद्दा दर्ता भएका थिए। यस वर्ष यी राज्यहरूमा १२ हजार ५३० घटना सार्वजनिक भएका छन् । यस वर्ष पराल जलाउने किसानलाई दोब्बर जरिवाना गरिएको उहाँले बताउनु भयो ।

## गोयल - युवा

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले भविष्यका चुनौतीहरूको सामना गर्न युवाहरूलाई शिक्षा र कौशलले सशक्त बनाउन आवश्यक रहेको कुरोमा जोड दिनु भएको छ। आज नयाँ दिल्लीमा 29 औं सीआईआई साझेदारी शिखर सम्मेलन 2024 लाई सम्बोधन गर्दै उहाँले आफ्नो संस्कृति र परम्परालाई कायम राख्दै अगाडि बढ्ने देश भएकोमा भारतलाई गर्व छ, भन्नुभयो।

## एफडीआई - वृद्धि

गत वर्षको तुलनामा यो वर्ष अप्रेलदेखि सितम्बरसम्मको अवधिमा देशमा प्रत्यक्ष वैदेशिक लगानी ४५ प्रतिशतले बढेको छ। उद्योग तथा आन्तरिक व्यापार सम्बर्धन विभागका अनुसार प्रत्यक्ष वैदेशिक लगानीबाट लाभान्वित हुने क्षेत्रमा कम्प्युटर सफ्टवेयर र हार्डवेयर, दूरसञ्चार, अटोमोबाइल्स र औषधिजन्य क्षेत्र पर्छन्। प्रत्यक्ष वैदेशिक लगानीले राम्रो प्रविधिका साथै अर्थतन्त्रमा थप लगानी र रोजगारी सिर्जना गराउँदछ। जुलाईदेखि सितम्बरको दोस्रो त्रैमासिकमा पनि गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४३ प्रतिशतले प्रत्यक्ष वैदेशिक लगानी बढेको छ।

## fanzal- तूफान

चक्रवाती तुफान फञ्जलका कारण भएको अविरल वर्षाले पुडुचेरीमा कम्तीमा चार जनाको मृत्यु भएको छ। पुडुचेरी प्रशासन अनुसार दुई जना बेपत्ता छन्। शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै मुख्यमन्त्री श्री एन. रंगसामीले मृतकका परिवारलाई 5- 5 लाख रुपियाँ अनुग्रह राशि दिने घोषणा गर्नुभएको छ।

भारी वर्षाका कारण १० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा लागेको बालीमा क्षति पुगेको छ। सरकारले पीडित किसानलाई प्रति हेक्टर ३० हजार रुपियाँ क्षतिपूर्ति दिने घोषणा गरेको छ।

मुख्यमन्त्रीले एक सय करोडको अनुमानित क्षतिको प्रारम्भिक प्रतिवेदन केन्द्र सरकारलाई आर्थिक सहायताका लागि पठाइएको बताउनुभएको छ।

सरकारको आपदा व्यवस्थापन प्रयासको उल्लेख गर्दै श्री रंगासामीले ५५१ जनालाई राहत शिविरमा सारिएको बताउनुभयो।

## लोकसभा-ओलम्पिक

भारतीय ओलम्पिक संघले Future Host Commission सँग वार्ता प्रक्रिया सुरु गरेको छ। यो आयोग अन्तर्राष्ट्रिय ओलम्पिक समितिको समर्पित निकाय हो, जसले ओलम्पिक खेल आयोजक छनोट प्रक्रियाको व्यवस्थापन गर्दछ।

लोकसभामा लिखित उत्तरमा, युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डावियाले भन्नुभयो, भारतीय ओलम्पिक संघले 1 अक्टोबरमा आशय पत्र जारी गरिसकेको छ। पत्रमा संघले सन् २०३६ मा ओलम्पिक र पाराओलम्पिक खेलकुद आयोजना गर्ने इच्छा व्यक्त गरेको छ ।

## एशिया कप क्रिकेट

संयुक्त अरब अमिरातको शारजाह क्रिकेट स्टेडियममा आज भएको अन्डर–19 एसिया कपअन्तर्गत समूह 'ए' को एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलमा भारतले जापानलाई २११ रनले पराजित गरेको छ ।

दुबई अन्तर्राष्ट्रिय स्टेडियममा आज भएको एसिया कपको समूह 'ए' अन्तर्गतको अर्को खेलमा पाकिस्तानले संयुक्त अरब अमिरातलाई ६९ रनले पराजित गरेको छ ।

## गिनी-फुटबल भिडन्त

गिनीको शहर एनजेड्रेकोरमा एउटा फुटबल म्याचका क्रममा समर्थकहरूबीच भएको हिंसात्मक झडपमा सयजनाभन्दा धेरैको मृत्यु भएको छ। रिपोर्टका अनुसार रेफ्रीको विवादास्पद निर्णयपछि यो घटना भएको हो। यो खेल गिनीका सैन्य नेता श्री मामादी डुम्बौयाको सम्मानमा आयोजना गरिएको प्रतियोगिताको एक अंशको रूपमा खेलाइएको थियो।

## मुख्य समाचार फेरि एकपल्ट

- संसदको दुवै सदनमा गतिरोध अन्त्य गर्न सरकार र प्रतिपक्ष सहमत
- लगातार पाँचौँ दिन संसदको दुवै सदनमा कामकाज अवरुद्ध
- नयाँ आपाराधिक कानुनहरूको प्रगतिको समीक्षा गर्न प्रधानमन्त्री भोलि चण्डीगढ जानुहुने
- देशमा प्रत्यक्ष वैदेशिक लगानी ४५ प्रतिशतले बढ्यो
- 2036 को ओपलम्पिक आयोजना गर्न भारतीय ओलम्पिक संघद्वारा वार्ता प्रक्रिया सुरु , अनि
- अन्डर–19 एसिया कप क्रिकेटमा भारतले जापानलाई हरायो